# दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौ
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४७१००२८

प.सं२०८०/८१
च.नं. ९०८

मिति:२०८०/१०/१८

**समाजसेवी तथा बाल मनोविज्ञ सुचिकृत हुन आउने सम्बन्धी २१ दिने सार्वजनिक सूचना।**

प्रथम पटक प्रकासित मिति २०८०/१०/१८

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा (६२) र नियमावली २०७८ को नियम (८३) बमोजिम देहाय बमोजिमको योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले यसै सूचनामा उल्लेखित कागजात वा व्यक्तिगत विवरण सहित स्थानीय बाल अधिकार समितिमा सूचीकृत हुन यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक योग्यता

१.नेपाली नागरिक

२.नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको

३.असल चरित्र भएको

४.समाजसेवीको रुपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा १ महिना तालिम प्राप्त गरेको

५.बालमनोविज्ञको रुपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा १२ कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको।

आवश्यक कागजातहरु

१. नेपाली नागरिकताको प्रमाणपत्र छायाँप्रति-१

२. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति -१

३. सम्बन्धित विषयमा तालिम लिएको प्रमाणपत्रको छायाँप्रति -१

४. सम्बन्धित व्यक्तिको निवेदन - १

५. पासपोर्ट साईजको फोटो - १

६. नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको स्वघोषणा - १

१०/१८

जनार्दन रिजाल
बालकल्याण अधिकारी